चौतारा साँगाचोकगढी नगरपालिका

# नगर राजपत्र

खण्ड: ३ संख्या: ९ मिति: २०७६/०५/१५


## भाग - २

## चौतारा साँगाचोकगढी नगरपालिका

चौतारा साँगाचोकगढी नगरपालिकाको

# टोल विकास समिति गठन, सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७६

चौतारा साँगाचोकगढी नगरपालिका

# नगर राजपत्र

खण्ड: ३ संख्या: ९ मिति: २०७६/०५/१५

भाग - २

चौतारा साँगाचोकगढी नगरपालिका

## चौतारा साँगाचोकगढी नगरपालिकाको
## टोल विकास समिति गठन, सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७६

# चौतारा साँगाचोकगढी नगरपालिकाको
# टोल विकास समिति गठन, सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७६

| | |
|---|---|
| कार्यपालीकाबाट स्वीकृत मिति | २०७६ ।०५ ।१५ |

चौतारा साँगाचोकगढी नगरपालिका
सिन्धुपाल्चोक
प्रदेश नं. ३, नेपाल

**प्रस्तावना ः**
चौतारा साँगाचोकगढी नगरपालिकाका सबै वडा तथा बस्तीहरुमा बसोवास गर्ने सबै बर्गका समुदायलाई, समेटी सोही स्थानीय स्तरमा सञ्चालन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्न स्थानीय स्तरमा वडा समितिको मातहत रहने गरी नगरपालिका तथा वडा समितिलाई सहयोग पुऱ्याउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ को २ (क) को २ को व्यवस्थालाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ को अधिकार प्रयोग गरी टोल विकास समिति मार्फत योजना तथा कार्यक्रम सञ्चालन गर्दा पारदर्शी र जनमुखी, जवाफदेही हुने, सामाजिक आर्थिक विकासमा टेवा पुग्ने र योजना तथा कार्यक्रमको दिगोपनको लागि उपभोक्ता समितिवाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुलाई टोल विकास समिति मार्फत सञ्चालन गर्ने उद्धेश्यले टोल विकास समिति गठन, सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७६ स्वीकृत गरि लाग गरिएको छ।

१. **नाम र प्रारम्भः** यो कार्यविधिको नाम "चौतारा साँगाचोकगढी नगरपालिकाको टोल विकास समिति गठन, सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७६" रहेको छ। यो कार्यविधि कार्यपालिकाबाट पारित भएको मिति देखि तुरुन्त प्रारम्भ हुनेछ।

२. **स्वायत्त समिति हुनेः**

(क) समितिको आफ्नै छाप र लोगो अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

(ख) समिति कानूनी व्यक्ति सरह स्वशासित हुनेछ। यसले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न उपभोग गर्न, यसले नालिस उजुर गर्न प्रतिवाद गर्ने र संगठित संस्थामा अन्तरनिहित अधिकारको प्रयोग गर्न सक्नेछ ।

३. **कार्यालय ः** समितिको कार्यालय आ आफ्नो वडा भित्र रहने छ।

४. **परिभाषा ः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले यस चौतारा साँगाचोकगढी नगरपालिकाले जारी गरेको टोल विकास समिति गठन, सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७६" लाई सम्झनु पर्दछ।

(ख) "नगरपालिका" भन्नाले चौतारा साँगचोकगढी नगरपालिकालाई सम्झनु पर्दछ।

(ग) "मुख्य कार्यालय" भन्नाले नगरपालिका रहेको नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ।

(घ) "समिति" भन्नाले टोल विकास समितिलाई सम्झनुपर्दछ।

(ङ) "उपसमिति" भन्नाले टोल विकास समितिले आवश्यकताको आधारमा बनाएका उप समितिहरुलाई सम्झनुपर्दछ।

(च) "कार्यपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन हुने नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ।

(छ) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनुपर्दछ ।

(ज) "सभा" भन्नाले नगरपालिकाको सभालाई सम्झनुपर्दछ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनुपर्दछ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ।

**५. उद्देश्यः टोल विकास समिति गठन गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छन् :**

(क) नगरपालिकाको उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने योजना तथा कार्यक्रमहरु टोल विकास समिति मार्फत सञ्चालन गर्ने, टोल, बस्ती स्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलबासीको पहुँच अभिवृद्धि गर्ने ।

(ख) टोलबासीहरुमा उद्यमशीलताको विकास गराई टोलस्तरमा लघु उद्यमको सिर्जना, विकास र प्रवर्द्धन गर्ने ।

(ग) टोल बस्तीस्तरमा समानता, समताको भावना जागृत गराउने र आपसी सद्भाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने ।

(घ) आर्थिक, सामाजिक सवालमा सबै टोलवासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने ।

(ङ) टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढवा दिने ।

(च) बस्ती टोलस्तरमा सबै संस्थाहरुको प्रवेशद्वारको रुपमा टोल विकास समितिलाई विकास गर्दै विभिन्न निकायहरुबाट सञ्चालन हुने विकास कार्यमा सहयोग गर्ने ।

(छ) टोल विकास समितिलाई वडाभन्दा तल्लो ईकाइको रुपमा विकास गरी सहभागितात्मक योजना तर्जुमा, अनुगमन एवं मूल्याङ्कन प्रक्रियामा सहभागी गराउने ।

(ज) टोलका सदस्यहरुमा गरिबीलाई निश्चित आधारमा वर्गीकरण गरी तिनीहरुको अभिलेख तयार गर्ने ।

(झ) नगरपालिकाबाट संचालित योजनाहरुको नियमित मर्मत सम्भार तथा दिगोपन ल्याउने ।

(ञ) वातावरणमैत्री तथा बालमैत्री नगर/वडा घोषणा गर्न आवश्यक सहयोग गर्ने ।

(ट) उत्कृष्ट काम गर्ने टोल विकास समितिलाई प्रोत्साहन तथा पुरस्कृत गर्ने ।

**६. टोल विकास समितिको गठन र दर्ता ः**

(क) वडा कार्यालयले यस कार्यविधिमा लेखिए बमोजिम प्रत्येक वडाहरुमा आवश्यकता अनुसार ३ देखि ११ वटा सम्म टोल विकास समिति गठन गर्न सक्नेछ । टोल विकास समिति गठन गरी सम्वन्धित वडा अध्यक्षको रोहवरमा गर्नुपर्नेछ । गठन भएको जानकारी वडा समिति तथा नगरपालिकामा पनि गराउनु पर्नेछ ।

(ख) टोल विकास समिति गठन गर्दा समेटिएका भौगोलिका क्षेत्र भित्रका सबै घरधुरी समेट्ने गरी कम्तिमा ५१ प्रतिशतको उपस्थितिमा गर्नुपर्नेछ । टोल विकास समिति गठन गर्दा सहमति हुन नसकी गोप्य मतदान गर्नुपर्ने अवस्था आएमा मतदानका लागि मिति तोकी निर्वाचन समिति बनाई नियमानुसार निर्वाचन गर्नुपर्नेछ ।

(ग) यसरी गठन हुने टोल विकास समिति समावेशी सिद्धान्तका आधारमा गर्नु पर्नेछ । साथै कम्तिमा ३३ प्रतिशत महिला तथा दलित जनजाती पिछडा बर्गका साथै द्वन्द्व पिडित परिवारका सदस्य समेतलाई समेट्नु पर्नेछ । समावेशी नभएका टोल विकास समितिलाई मान्यता दिइनेछैन ।

(घ) टोल विकास समितिको कार्य समिति कम्तिमा ७ सदस्यीय देखि १५ सदस्यीय हुनुपर्ने छ । जसमा देहाय वमोजिमका ३ देखि ५ जना पदाधिकारी र बाँकी सदस्य हुने गरी गठन गर्नुपर्नेछ । पदाधिकारीमा १ जना महिला अनिवार्य हुनुपर्नेछ ।

१. अध्यक्ष - १ जना
२. उपाध्यक्ष - १ जना
३. सचिव - १ जना
४. सहसचिव - १ जना
५. कोषाध्यक्ष - १ जना

(ङ) टोल विकास समितिका पदाधिकारी हुने व्यक्तिहरुमा निम्न योग्यता हुनु जरुरी छ ।

१. सम्वन्धित वडाका २१ वर्ष पुगेका नेपाली नागरिक ।

२. नैतिक पतन देखिने फौजदारी अभियोग नलागेका।
३. सरकारी तथा सार्वजनिक सम्पत्ति हिनामिनामा नपरेका।
४. साहुको दामासाहीमा नपरेका।
५. मानसिक सन्तुलन ठीक भएका।

(च) टोल विकास समितिका पदाधिकारीहरुको पदावधि एक आर्थिक वर्षको हुनेछ। सो अवधि सकिएपछि पुनःभेलाबाट चयन गरिनेछ।

(छ) यसरी गठन भएको टोल विकास समिति सम्वन्धित वडा कार्यालयमा दर्ता गरिनेछ। साथै नगरपालिकाको योजना तथा अनुगमन शाखामा सूचिकृत गर्नुपर्नेछ।

(ज) कुनै पदाधिकारी सदस्य उपरमा अविश्वास लागेमा वा अनियमितता गरेको पाईएमा एक तिहाई सदस्य पदाधिकारीहरुले अविश्वासको प्रस्ताव बैठकमा राख्न सक्ने छन। यसरी अविश्वासको प्रस्ताव पेश भएमा अर्को पूर्ण बैठक आह्वान गरी सुनुवाईको मौका दिई निर्णय गरिने छ। सामान्य बहुमतबाट प्रस्ताव स्विकृत वा अस्विकृत गर्न सकिनेछ।

(झ) टोल विकास सामितिको व्यवस्थापनका लागि अनुसूचि-२ मा उल्लेखित (नमूना) विधान तयार गर्नुपर्नेछ। सोही विधानका आधारमा दर्ता गरी स्थायी लेखा नम्बर समेत लिनुपर्नेछ।

(ञ) टोल विकास समितिको बैठकमा सर्वसम्मत निर्णय गराई सम्बन्धित वडा समितिको कार्यालयमा दर्ता गर्नुपर्नेछ। टोल विकास समितिलाई वडा कार्यालयमा दर्ता गर्दा पेश गर्ने निवेदनको नमूना अनुसूचि ३ मा रहेकोछ। टोल विकास समितिबाट निर्णय गरी दर्ताका लागि निवेदन पेश गरेमा सम्बन्धित वडा कार्यालयले अनुसूचि-४ बमोजिमको टोल विकास सामिति दर्ता प्रमाण-पत्र प्रदान गर्नुपर्नेछ। यसरी दर्ता गरि सकेपछि सो को जानकारी नगर कार्यपालिकाको कार्यालयलाई पनि गराउनुपर्नेछ। टोल विकास समितिले यस कार्यविधि विपरीत कुनै काम गरेमा वा प्रचलित कानून बमोजिम गर्न नपाउने कार्य गरेमा वडा कार्यालयले टोल विकास समितिको दर्ता खारेज गर्न सक्नेछ। दर्ता खारेज भएपछि सो स्थानमा नयाँ टोल विकास समिति गठन गरिनेछ।

**७. टोल विकास समतिको काम  कर्तव्य र अधिकार :**

(क) उपभोक्ताबाट सञ्चालन गरिने भनि तोकिएका योजना तथा कार्यक्रमको कार्यन्वयन गर्ने।

(ख) आगामी आ.व को योजना तथा कार्यक्रम बनाई वडा कार्यलयमा पेश गर्ने।

(ग) संचालित कार्यक्रम तथा योजना समयमा नै कार्यान्वयन गर्ने।

(घ) वडामा सञ्चालन गर्न आवश्यकता भएका योजनाहरुको सम्भाव्यता अध्ययन गर्ने। उक्त अध्ययन प्रतिवेदन वडामा पेश गर्ने।

(ङ) बैठकको कायविधि र निर्णयहरु माइन्यूट बुकमा अभिलेख राख्ने।

(च) समितिको तर्फबाट प्रतिनिधित्व गर्ने, समितिको तर्फबाट योजनाहरु सम्झौता गर्ने।

(छ) समितिको कोष सञ्चालन गर्ने र सो कोषको खाता सञ्चालन अध्यक्ष सचिव र कोषाध्यक्षको संयूक्त दस्तखतबाट सञ्चालन गर्ने।

(ज) समितिको सदस्यता कुनै कारणवश रिक्त भएमा नयाँ सदस्य मनोनित गर्ने।

(झ) वार्षिक रुपमा वडा भेला गराई आम्दानी खर्चको र योजनाको वारेमा सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई गराउने।

(ञ) आवश्यकताको आधारमा उप-समिति बनाई अधिकार प्रत्यायोजन गर्न सकिनेछ।

(ट) वार्षिक रुपमा वडा कार्यालयमामा समितिको कार्य प्रगति विवरण पेशगरी नविकरण गर्ने।

(ठ) यस समितिलाई आवश्यक सल्लाह र सुझावको लागि सल्लाहकार समिति बनाउने।

(ड) विभिन्न सरकारी एवं गैर सरकारी निकायहरु सँग सुमधुर सम्बन्ध स्थापित गरी टोलको विकासको लागि सहजीकरण गर्ने ।

(ढ) टोलमा उद्यम विकास सँग सम्बन्धित योजनाहरु सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने ।

(ण) टोलको विकासका लागि विभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम सदुपयोग गर्ने ।

(त) एच.आई.भी./एड्स, अन्धविश्वास, बाल विवाह, बहु-विवाह जस्ता सामाजिक समस्याको पहिचान गरी विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।

(थ) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुबाट प्राप्त योजनाहरुको अनुगमन गरी पृष्ठ पोषण प्रदान गर्ने ।

(द) आफ्नो वडा तथा टोललाई वातावरण मैत्री तथा वालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ध) टोल विकास समितिमा प्राप्त रकमको नगरपालिकाको नियमानुसार खर्च गर्ने, लेखा राख्ने र कानून बमोजिम अधिकार प्राप्त रजिष्टर्ड लेखा परीक्षकबाट लेखापरीक्षण गराउने ।

(न) नगरपालिकासँग भएको संझौता समझदारी अनुसारका अन्य कार्यहरु गर्ने ।

**८. टोल विकास समितिको बैठक ः**

(क) बार्षिक रुपमा हुने भेलालाई साधारण सभाको रुपमा लिईनेछ । सो भेलाबाट गठित टोल विकास समितिको ५१ प्रतिशतको उपस्थितिमा बस्न सक्नेछ ।

(ख) विशेष परिस्थितिमा बाहेक सामान्यतया समितिको बैठक ३ महिनामा एक पटक बस्नु पर्नेछ । तर कुनै योजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने अवस्था आएमा आवश्यकताको आधारमा बैठक बस्न सक्नेछ ।

(ग) बैठकको अध्यक्ष्यता समितिको अध्यक्षले गर्नेछन । अध्यक्ष्यको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्ष पनि अनुपस्थित भएमा कार्य समितिको कुनै जेष्ठ सदस्यले बैठकको अध्यक्ष्यता गर्नेछ ।

(घ) समितिको बैठकमा वडा र नगरपालिकाका प्रतिनिधिहरु लगायत अन्य सरोकारवालाहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

(ङ) सचिवले समितिको बैठकको निर्णयहरु बैठक पुस्तिकामा लेखि प्रमाणित गराउनु पर्नेछ ।

**९. पद रिक्त तथा पद पूर्ति ः** देहायको अवस्थामा टोल विकास समितिको पदाधिकारी वा सदस्यहरुको पद आफ्नो पदावधी भन्दा पहिले रिक्त हुनेछ ः

(क) राजिनामा दिएमा वा मृत्यू भएमा ।

(खा) कुनै मनासिव माफीकको सुचना नदिई कुनै पदाधिकारी वा सदस्य समितिको बैठकमा लगातार ३ पटक भन्दा बढी अनुपस्थित भएमा ।

(ग) समितिको कुनै पनि पदाधिकारी वा सदस्यले समितिको हित विपरीत काम गरेको प्रमाणित भई कार्यसमितिको वहुमतबाट निजलाई हटाएमा ।

(घ) माथी लेखिए बमोजिम पद रिक्त भएमा रिक्त रहेको पदमा समितिले बाँकि अवधीका लागि मनोनित गरि पदपुर्ति गर्न सक्नेछ । यसरी पूर्ति गरेको सदस्यको पदावधि जुन रिक्त स्थानमा पूर्ति गरेको हो त्यसको बाँकी समय सम्म मात्र हुनेछ ।

**१०.पदाधिकारीको काम कर्तव्य र अधिकार ः** टोल विकास समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार सम्बन्धित टोल विकास समितिले तयार गर्नेछ । विधानमा उल्लेख हुने गरी देहायका काम कर्तव्य र अधिकार व्यवस्थित गरिएकोछ ।

**(क) अध्यक्षको काम कर्तव्य र अधिकार ः**

१. समितिलाई नेतृत्व प्रदान गर्ने ।

२. समिति र वृहत्तर भेलामा अध्यक्षता गर्ने र समितिको बैठकमा मत वरावर भएमा निर्णायक मत दिने ।

३. समितिको निर्णयहरु कार्यन्वयन गर्ने गराउने ।
४. समितिको हित तथा उद्देश्य प्राप्त गर्न सक्रिय भूमिका निर्वाह गर्ने ।
५. समितिको तर्फवाट प्रमूखको रुपमा प्रतिनिधित्व गर्ने ।

**(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार ः**

१. अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।
२. अध्यक्षले तोकेका अन्य कार्य गर्ने ।

**(ग) सचिवको काम कर्तव्य र अधिकार ः**

१. अध्यक्षसँग सल्लाह गरी योजना कार्यान्वियन गर्ने ।
२. अध्यक्षसँग परामर्श गरी समितिको बैठक बोलाउने ।
३. अध्यक्षको निरीक्षणमा समितिको निर्णयहरु कार्यन्वयन गर्ने गराउने ।
४. समितिको बैठकमा पेश भएका प्रस्तावहरु माथिको छलफल र निर्णयहरु लगायतका कागजातको अभिलेख सुरक्षित राख्ने ।
५. समितिको दैनिक कार्य तथा प्रवन्धको व्यवस्था गर्ने ।
६. समितिको तर्फबाट पत्र व्यवहार गर्ने ।
७. समितिको निर्णय आदेश वा लिखत प्रमाणित गर्ने ।
८. अध्यक्ष सँग परामर्श गरी प्रतिनिधित्व गर्नुपर्ने ठाउँमा प्रतिनिधित्वको व्यवस्था गर्ने ।
९. समितिको तर्फबाट प्रतिवेदन पेश गर्ने । लगत राख्ने ।

**(घ) सह सचिवको काम कर्तव्य अधिकार ः**

१. सचिवको अनुपस्थितिमा सचिवले गर्ने काम गर्ने ।
२. सचिवले तोकेका अन्य कार्य गर्ने ।

**(ङ) कोषध्यक्षको काम कर्तव्य र अधिकार ः**

१. समितिको कोष तथा लेखा सम्बन्धि सम्पूर्ण दायित्व वहन गर्ने ।
२. समितिको आय र व्ययको हिसाब दुरुस्त राख्ने ।
३. समितिको सम्पत्ति, दायित्व, आय र व्यय जनाउने गरी हिसाब दुरुस्त राख्ने ।
४. समितिको तर्फबाट भेलामा आय व्यय प्रतिवेदन पेश गर्ने ।
५. योजना तथा कार्यक्रमको भुक्तानिको लागि पेश गर्ने ।

**(च) समितिको सदस्यहरुको काम, कर्तव्य र अधिकार ः**

१. नगरपालिकासँग भएको साझेदारीपत्रमा उल्लेखित शर्तअनुसार गर्नुपर्ने कामहरु गर्ने ।
२. समितिको हिसाब किताब व्यवस्थित रुपमा राख्न सहयोग पुऱ्याउने ।
३. समितिको पदाधिकारीहरुले गरेका कामको नियमित रुपमा सहयोग गर्ने ।
४. आवश्यकता अनुसार टोल विकास समिति सञ्चालनका लागि नीति, नियमहरु बनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने ।
५. आवश्यकता अनुसार अध्यक्ष, सचिव, कोषाध्यक्षहरुलाई सघाउने ।
६. तोकिएको अन्य कार्यहरु गर्ने ।

**११. वडा विकास समिति गठन विधिः**

(क) प्रत्येक वडामा रहेका टोल विकास समितिका अध्यक्ष वा निजको प्रतिनिधिलाई समेटी वडास्तरको वडा विकास समिति गठन गर्न सकिनेछ । टोल स्तरमा गठन भईसके पछि सबै टोल समितिका अध्यक्ष वा प्रतिनिधिहरुको भेलाबाट वडा विकास समिति गठन गरिनेछ ।

(ख) उक्त वडा विकास समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष सहित सबै टोल विकास समिति प्रतिनिधित्व हुने गरि बनाउन सकिने छ । टोल विकास समितिमा नरहेको वा हटाईएको व्यक्ति वडा विकास समितिमा रहन सक्नेछैन ।

(ग) उक्त टोल विकास समितिले गरेका कार्यहरुको अनुगमन तथा मूल्याङ्कन गरि वडा अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ। वडा विकास समितिले टोल विकास समितिले गरेका कार्यहरुको अनुगमन तथा मूल्याङ्कन गरी वडा अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ।

(घ) समितिको बैठक कम्तिमा चौमासिक रुपमा वा आवस्यकता अनुसार बस्नेछ।

**१२.योजना संझौता एवं भुक्तानी प्रकृया सम्बन्धमा :**

**(क) योजना संझौता तथा कार्यक्रम संझौता गर्दा पेश गर्नु पर्ने कागजातहरु देहाय बमोजिम हुनेछ :**

१. टोल विकास समितिको निर्णय,
२. वडा समितिको सिफारिस (नगरपालिकामा पेश गर्दा),
३. लागत इष्टिमेट वा स्वीकृत प्रस्तावना,
४. समितिका सदस्यको नागरिकताको प्रतिलिपि।

**(ख) कार्य सम्पन्न गरि भुक्तानीको लागि पेश गर्नु पर्ने कागजातहरु :**

१. प्राविधिकबाट योजनाको मूल्याङ्कन गराई कार्य सम्पन्न प्रतिवेदनका आधारमा विल भर्पाइ, जिन्सी दाखिला, योजना सम्झौताका बुँदामा भनिएका प्रावधान आदिका आधारमा सिफारिस साथ पेश गर्नुपर्ने।
२. नियमानुसार अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन पेश भएको हुनुपर्नेछ।
३. निवेदन पेश हुनपर्नेछ।

**१३.अनुगमन तथा मूल्याङ्कनः**

(क) टोल विकास समिति मार्फत सञ्चालन भएका योजना तथा कार्यक्रमहरु अनुगमन तथा मूल्याङ्कनका लागि नगर स्तरिय र वडा स्तरिय अनुगमन तथा मूल्याङ्कन समिति बनाउनु पर्नेछ।

(ख) नगरपालिकामा उप-प्रमुखको संयोजकत्वमा नगर स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(ग) वडामा वडा अध्यक्षको संयोजकत्वमा अनुगमन तथा मूल्याङ्कन समितिले अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(घ) वडा स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले र नगर स्तरिय अनुगमन तथा मुल्याँकन समितिले आवश्यकता अनुसार अनुगमन गर्नुपर्नेछ। सो को प्रतिवेदन वडा समितिले वडा अध्यक्ष समक्ष र नगर स्तरीय समितिले नगर प्रमुख समक्ष पेश गर्नुपर्नेछ।

**१४. विविध :**

(क) यो कार्यविधि प्रचलित नेपालको ऐन, नियमहरु सँग बाझिएमा बुदाहरु स्वतःखारेज हुनेछन्।

(ख) माथी जेसुकै कुरा लेखिएको भएता पनि टोल विकास समिति वा वडा विकास समितिमा आर्थिक अपचलन भएको आशंका भएमा नगरपालिका आफैले वा विशेषज्ञ मार्फत हिसाब किताब जाँच गर्न गराउन सक्नेछ। त्यसरी जाँच गर्दा अपचलन भएको देखिएमा कानूनी कार्वाहि गर्ने गराउनेछ।

(ग) टोल विकास समितिबाट भएका कार्यको नियमानुसार सम्पन्न भए पश्चात योजना तथा कार्यक्रमको नियमित मर्मत सुधार गरी दिगोपना दिनुपर्नेछ।

(घ) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा सोको नगर कार्यपालिकाको निर्णय अनुसार फुकाईनेछ।

# अनुसूची १

टोल विकास समिति र वडा विकास समितिको लोगो र छाप निम्नानुसार हुनेछ ।

## अनुसूची २
## (नमुना विधान)

### ......................................................टोल विकास समितिको विधान, २०७६

**प्रस्तावना :**

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै नगरको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपूरकको रुपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुऱ्याउने, सहभागितात्मक योजना तर्जुमा गर्ने तथा आफ्नो टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गर्न यो.........................................................टोल विकास समितिको स्थापना गरी सञ्चालन गर्न वान्छनीय भएकोले यो विधान बनाईएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो विधान ........................................................ टोल विकास समितिको विधान हुनेछ।

(ख) यो विधान ...................................................... टोल विकास समितिको साधारण सभाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

(ग) यस समितिको कार्यालय ............................................................मा हुनेछ।

(घ) यस समितिको सिमाना देहाय बमोजिम हुनेछ :

पूर्व............................................पश्चिम...............................................

उत्तर...........................................दक्षिण...............................................

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

(क) "विधान" भन्नाले टोल विकास समितिको विधानलाई सम्झनुपर्छ।

(ख) "साधारण सभा" भन्नाले समितिको साधारण सदस्यहरुको भेला वा वडा भेलालाई समेत जनाउनेछ।

(ग) "समिति" भन्नाले टोल विकास समितिको कार्यसमिति सम्झनुपर्छ।

(घ) "बैठक" भन्नाले समितिको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनुपर्छ।

(ङ) "पदाधिकारी" भन्नाले कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरुलाई जनाउँछ।

**३. संगठित समिति हुने :**

(क) समितिको आफ्नो छुट्टै छाप हुनेछ। साथै समितिले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ।

(ख) समितिले चल-अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न सक्नेछ तर समितिले आफ्नो अचल सम्पत्ति बिक्रि गर्न भने पाउनेछैन । समिति बिगठन भए सो समितिको सम्पूर्ण चल-अचल सम्पत्ति नगरपालिकामा हस्तान्तरण हुनेछ।

**४. समितिका उद्देश्यहरु :**

समितिको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिम उद्देश्य हुनेछ :

(क) टोलस्तरमा सक्षम र दिगो स्वायत्त समितिको विकास गर्ने ।

(ख) टोलका ब्यक्तिहरुको आयमा बृद्धि गर्ने कार्यक्रमको सञ्चालन गरी गरिबी न्यूनीकरणमा मद्दत पुऱ्याउने ।

(ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायको व्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुऱ्याउने ।

(घ) समितिलाई सहभागितात्मक योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सक्रिय सहभागि बनाउने ।

५. **टोल विकास कार्य समितिको गठन :** टोल विकास कार्य समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) नगरपालिकाका बस्तीहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घर परिवारका सदस्यहरुबाट टोल विकास समितिको गठन गरिनेछ।

(ख) पहिलो पटकका लागि टोल विकास समितिको व्यापक भेलाबाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ। दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पूनर्गठन हुनेछ। टोल विकास कार्य समितिको अवधि एक वर्षको हुनेछ। कार्य समितिमा कम्तिमा ५० प्रतिशत सदस्यहरु र अध्यक्ष वा कोषाध्यक्षहरु मध्ये कुनै एक जना अनिर्वाय रुपमा महिला हुनुपर्नेछ।

(ग) टोल विकास समिति गठन गर्दा सकेसम्म टोलको सम्पूर्ण घरधुरीलाई समेट्नु पर्दछ। यदि सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास समिति गठन गरिनेछ। टोल विकास समितिमा सहभागी भएका सदस्यहरु मध्ये कम्तीमा ३३ प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ।

६. **समितिको कार्यहरु :** टोल विकास समितिको कार्यहरु देहाय बमोजिम हुनेछन :

(क) प्रत्येक टोल स्तरमा सम्भव भएसम्म सबै घरपरिवार सहभागी भएको टोल विकास समिति गठन गर्ने ।

(ख) समितिको सदस्यहरुलाई उद्यमशीलता मार्फत अग्रसर गराउने आवश्यक पहल गर्ने तथा सोही बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ग) टोलमा आईपरेका समस्याहरु समाधान गर्न एकअर्कामा भाइचारा सम्बन्ध कायम गरी सभ्य समाजको सिर्जना गर्ने ।

(घ) उपलब्ध स्रोतको समुचित परिचालन गर्दै टोलको समग्र विकासका लागि टोल विकास योजना बनाउने ।

(ङ) एच.आइ.भी/एड्स, अशिक्षा, अन्धविश्वास, बाल विवाह, बहु विवाह जस्ता सामाजिक समस्याका बारेमा सम्पूर्ण टोल विकास समितिको सदस्यहरुलाई चेतना अभिवृद्धि गर्ने ।

(च) आफ्नो टोल तथा सार्वजनिक स्थलमा वृक्षारोपण गर्ने ।

(छ) आफ्नो वडा तथा टोललाई वातावरण मैत्री तथा बालमैत्री बनाउने विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ज) टोलको वसोवास गर्ने बासिन्दाका बीचमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता लगायतका सामाजिक सरोकारका बिषयहरुमा विभिन्न चेतना मूलक कार्यक्रम सञ्चालन गर्ने ।

(झ) वातावरण मैत्री स्थानीय शासनका सूचकहरुको टोलमा कार्यान्वियन गर्ने र नगरपालिकालाई सो सूचक कार्यान्वयन गर्न सहयोग गर्ने ।

(ञ) आफ्नो टोल वस्तीलाई नमूना वस्तीको रुपमा विकास गर्न सहयोग गर्ने ।

(ट) हरित गाउँ/शहर, उज्यालो शहर, सफा शहर र सम्पन्न तथा सभ्य शहर स्थापना अभियानमा सहयोग गर्ने ।

(ठ) आफ्नो क्षेत्रमा भवन संहिता तथा मापदण्डको कार्यान्वयनमा सहयोग गर्ने ।

(ड) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता आदि अभियानमा सहयोग गर्ने ।

(ढ) टोलमा रहेका सार्वजानिक, पर्ति, ऐलानी आदि जग्गाको संरक्षणमा नगरपालिकालाई सहयोग गर्ने।

(ण) समितिको अध्यक्ष, कोषाध्यक्ष तथा सचिवको चयन सर्व सम्मतिमा वा सो नभएमा बहुमतमा गर्ने।

(त) नगरपालिकाको राजस्व परिचालनमा सहयोग गर्ने ।

(थ) नगरपालिकासँग भएको समझदारी अनुसारका अन्य कार्यहरु ।

७. **सदस्यता :** समितिमा सदस्यता देहाय बमोजिम हुनेछ :

(क) यस विधानको उद्देश्य बमोजिम समितिप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय टोलबासी कानूनी रुपमा सक्षम नागरिक यस समितिको सदस्य हुनेछ।

**८. सदस्यता नरहने :** देहायको अवस्थामा सदस्य रहने छैन :

(क) सदस्यको मृत्यु भएमा।

(ख) सदस्यले राजिनामा दिएमा।

(ग) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन समितिले स्वीकृत गरेमा तर समितिको निर्णय उपर चित नबुझेमा साधारण सभामा पेश गर्ने र साधारण सभाको निर्णय अन्तिम हुनेछ।

(घ) सदस्यता शुल्क नतिरेको वा समितिको निर्णय पालन नगरेमा समितिले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा।

(ङ) समितिको हानि-नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई समितिले सदस्यताबाट हटाउने निर्णय गरेमा।

(च) नेपालको प्रचलित कानूनको निषेध गरेको कार्य गरेमा।

**९. समिति गठन एवं कार्य सञ्चालन विधि :** समितिको गठन एवं कार्य सञ्चालन विधि देहाय बमोजिम हुनेछ :

(क) निश्चित भौगोलिक क्षेत्रमा व्यक्तिहरुको सर्वसम्मत निर्णयबाट टोलको क्षेत्र निर्क्यौले गरेपछि त्यस टोलभित्र बसोबास गर्ने अधिकांश घरधनीहरुको उपस्थितिमा समिति गठन गरिनेछ।

(ख) टोल विकास समिति गठन गर्न उपस्थित भएका व्यक्तिहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा एक-एक जना अध्यक्ष, कोषाध्यक्ष र सचिव र अन्य घरधुरीहरु सदस्य हुनुपर्नेछ।

(ग) समितिमा कम्तिमा ५० प्रतिशत महिला सदस्य रहनेछन्। अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये कम्तिमा १ जना महिला हुनेछ।

**१०. समितिको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :**

समितिको पदधिकारीहरुको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. समितिको नियमित बैठक बोलाउने।

२. बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने।

३. बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने।

४. छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने।

५. निर्णयहरु लगू गर्ने र गर्न लगाउने।

६. सचिव र कोषाध्यक्षलाई आवश्यकताअनुसार सहयोग पुऱ्याउने।

७. समितिले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने।

८. आवश्यक कार्यमा समितिको प्रतिनिधिहरु खटाउने।

९. विशेष बैठकको आवश्यकता परेमा सबै सदस्यहरुको सहमतिमा बैठक बोलाउने।

**(ख) समितिको सचिवको काम, कर्तव्य र अधिकार :**

१. अध्यक्षको आदेशअनुसार बैठक बोलाउने।

२. अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने।

३. एकतिहाइ सदस्यहरुलाई विशेष बैठकका लागि लिखित माग गरेमा विशेष बैठक बोलाउने।

४. बैठक पुस्तिकामा उपस्थित गराउने।

५. छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय प्रमाणित गराउने।

६. समितिको क्रियाकलापका बारेमा सदस्यलाई जानकारी गराउने।

७. तोकिएका अन्य कार्यहरु गर्ने ।

**(ग) समितिको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. समितिले गरेको आर्थिक कारोबारको लेखापरीक्षण गराउने ।
२. बैंकमा संयुक्त रुपमा खाता सञ्चालन गर्ने ।
३. अन्य सदस्यहरुसँग समन्वय राखी सहयोग लिने दिने ।
४. समितिको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(घ) समितिको सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

१. नगरपालिकासँग भएको साझेदारीपत्रमा उल्लेखित सर्तअनुसार गर्नुपर्ने कामहरु गर्ने ।
२. समितिको हिसाब किताब चेक गर्ने ।
३. समितिको पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने ।
४. समिति सञ्चालनका लगि आवश्यकताअनुसार नीति बनाउन सहयोग गर्ने ।
५. बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

**११. साधारण सभाको गठन र कार्य प्रणाली :**

साधारण सभाको गठन र कार्य प्रणाली देहाय बमोजिम हुनेछ :

(क) समितिको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण सभा हुनेछ ।

(ख) साधारण सभाको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा समितिको सचिव र निजको पनि अनुपस्थितिमा समितिको जेष्ठ सदस्यले गर्नेछ ।

(ग) साधारण-सभा समितिको सर्वोच्च निकाय हुनेछ ।

**१२. साधारण सभाको काम, कर्तव्य र अधिकार :**

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) समितिको साधारण सभाको सल्लाह प्राप्त गर्न उचित देखि पेश भएका विषयमा सल्लाह दिने ।

(ख) लेखापरीक्षक नियुक्ति गर्ने ।

(ग) समितिको लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने ।

(घ) कार्य समितिलाई अधिकार प्रत्यायोजना गर्ने ।

(ङ) कार्य समिति सम्बन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।

(च) समितिको विधान संशोधन गर्ने ।

(छ) आवश्यकताअनुसार सल्लाहाकारको मनोनयन गर्ने ।

(ज) समितिको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

**१३. आर्थिक व्यवस्था**

(क) समितिको देहायबमोजिम आर्थिक स्रोत हुनेछ ।

१. सदस्यताबाट प्राप्त शुल्क ।
२. सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हुने अनुदान ।
३. समितिको क्रियाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार ।
४. अन्य आम्दानी ।

(ख) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षण पश्चात् विवरण साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी समितिको हुनेछ ।

(ग) समितिको नाममा प्राप्त वा खरीद चल-अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिए बमोजिम हुनेछ ।

**१४. खाता सञ्चालन :** नगरपालीका भित्रको “क” वर्गका बैंकहरुमा अध्यक्ष सचिव र कोषाध्यक्षको संयूक्त दस्तखतबाट खाता सञ्चालन गरिनेछ।

**१५. कार्यसमिति तथा पदाधिकारीको राजिनामा :**

(क) समितिका सदस्यहरुले सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन।

(ख) अध्यक्षले आफ्नो राजीनामा सचिव मार्फत समितिको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर समितिले निर्णय गरे बमोजिम हुनेछ।

**१६. कार्य समितिलाई आविश्वासको प्रस्ताव :** कार्य समितिका अध्यक्ष एवं पदाधिकारीहरुउपर अविश्वास लागे यथोचित कारण देखाई समितिको ३३ प्रतिशत सदस्यहरुले विशेष साधारण सभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन। अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिइनेछ।

**१७. विविध :**

(क) विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारणसभामा पेश गरिनेछ। साधारण सभामा उपस्थित सदस्यहरुको दुई तिहाइ बहुमतले विधान संशोधन हुनेछ।

(ख) प्रचलित ऐन, नियमहरुसँग बाझिएका बुँदाहरु हद सम्म स्वतः खारेज हुनेछ।

**<u>अनुसूची - ३</u>**

**<u>(टोल विकास समिति, वडा समितिको कार्यालयमा दर्ता गर्ने निवेदनको ढाँचा)</u>**

**मिति :.......................**

श्रीमान् वडा अध्यक्षज्यू,

वडा समितिको कार्यालय

वडा नं......,.............

**<u>विषय : टोल विकास समिति दर्ता गर्ने सम्बन्धमा ।</u>**

उपरोक्त सम्बन्धमा यस नगरपालिकाद्वारा सञ्चालित वडा नं.........को...........................टोलमा गठन गरिएको....................................................टोल विकास समितिको...............वडा समितिको कार्यालयमा दर्ता गरिदिनुहुन अनुरोध गर्दछु । यस............................................टोल विकास समितिको क्षेत्र निम्न उल्लेखित चार किल्ला भित्र सीमित रहनेछ ।

**पूर्व सिमाना :.....................................पश्चिम सिमाना :.............................................**

**उत्तर सिमाना :....................................दक्षिण सिमाना :.............................................**

**निवेदक**

अध्यक्षको नाम : ................................................

टोल विकास समितिको नाम :................................

ठेगाना :.........................................................

फोन नं.........................................................

फोन नं.: ०११-६२०४७७

अनुसूची-४

(नियम ६ को उपनियम (ञ) संग सम्बन्धीत)

# चौतारा साँगाचोकगढी नगरपालिका

## चौतारा, सिन्धुपाल्चोक

### टोल विकास समिति दर्ता

दर्ता नम्बर:

दर्ता मिति:

## प्रमाण-पत्र

चौतारा साँगाचोकगढी नगरपालिका वडा नं............ स्थित.......................................मा मिति..........................................मा गठन भएको ...........................................................टोल विकास समितिलाई यस कार्यालयमा मिति.......................................मा आ.व २०७६।०७७ को लागी सूचिकृत गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ । यस नगरपालीकाको आर्थिक, सामाजिक, भौतीक पुर्वाधार, शहरी सुशासन लगायतका क्षेत्रमा यस टोल विकास समितिको सहभागीताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतीको शुभकामना व्यक्त गर्दछौ ।

**वडामा दर्ता गर्ने अधिकारीको**

नाम :

पद : ............................................. ..........................................................

मिति: सम्बन्धीत वडा अध्यक्ष प्रमाणित गर्ने अधिकृतको सही

टोल विकास समिति दर्ता/नविकरण/सूचिकृत सम्वन्धी विवरण

| मिति | नविकरण मिति | | प्रमाणित गर्नेको सही | कैफियत |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |